गाउँ कार्यपालिका बैठक संख्या : ६

आज मिति २०८० असोज २३ गते मंगलबारका दिन यस कुमाख गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर बुढाथोकी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कुमाख गाउँपालिकाको केन्द्र रागेचौरमा **आ.व.२०८०/०८१ को छैठौं गाउँ कार्यपालिका बैठक** बसी निम्न प्रस्ताव माथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

क्र.सं.	उपस्थित पदाधिकारीको नाम, थर	उपस्थित पदाधिकारीको पद	दस्तखत
१	श्री मान बहादुर बुढाथोकी	गाउँपालिका अध्यक्ष	
२	श्री लाल बहादुर रावत	गाउँपालिका उपाध्यक्ष	
३	श्री छविलाल खड्का	नि.प्रमुख प्रशासकीय अधिकृत	
४	श्री डिल्ली बहादुर राना	वडा अध्यक्ष (वडा नं. १)	
५	श्री ईश्वरी शाही	वडा अध्यक्ष (वडा नं. २)	
६	श्री केवल बहादुर राना	वडा अध्यक्ष (वडा नं. ३)	
७	श्री शोभिलाल बस्नेत	वडा अध्यक्ष (वडा नं. ४)	
८	श्री पदम बहादुर बुढामगर	वडा अध्यक्ष (वडा नं. ५)	
९	श्री कर्ण बहादुर बि.क.	वडा अध्यक्ष (वडा नं. ६)	
१०	श्री डम्बर बहादुर शाही	वडा अध्यक्ष (वडा नं. ७)	
११	श्री पवित्रा कवर	कार्यपालिका सदस्य	
१२	श्री अनिता बुढाथोकी	कार्यपालिका सदस्य	
१३	श्री सावित्रा बि.क.	कार्यपालिका सदस्य	
१४	श्री हिरा परियार	कार्यपालिका सदस्य	
१५	श्री लालविर परियार	कार्यपालिका सदस्य	
१६	श्री पठ बहादुर कामी	कार्यपालिका सदस्य	

अन्य उपस्थिति :

१ श्री मान बहादुर बुढाथोकी - योजना अधिकृत
२ श्री यदु गहतराज - लेखा अधिकृत
३ श्री प्रकाश भण्डारी - सूचना प्रविधि अधिकृत
४ श्री महेश सुनार - प्रशासन सहायक (पाँचौं)

आ.व. २०८०/०८१, मिति २०८०/०६/२३ गते छैठौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु

१. सडक बाटो मर्मत सम्भार सम्बन्धमा ।

२. बालुवा गिट्टी ढुङ्गाको ठेक्का आव्हान सम्बन्धमा ।

३. पालिकाबाट कार्यान्वयन हुने योजना ठेक्का मार्फत गर्ने सम्बन्धमा ।

४. EMIS मा सुचीकृत भएका बेरोजगार संख्या स्वीकृत सम्बन्धमा ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम योजना अनुमोदन, बजेट बाँडफाड तथा साझेदारी बजेट सम्बन्धमा ।

६. EBA II का कार्यक्रम अनुमोदन गर्ने सम्बन्धमा ।

७. म्याद थप सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

आ.व. २०८०/०८१, मिति २०८०/०६/२३ गते छैठौं गाउँ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १ : प्रस्ताव नं. १ मा छलफल गर्दा यस कुमाख गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा रु.२,५०,०००। (अक्षरेपि दुई लाख पचास हजार रुपैंया) मात्र वराबरको रकम खर्च हुने गरी प्रत्येक वडामा उपभोक्ता समिति र प्राविधिक स्टिमेट अनुसार सडक बाटो मर्मत सम्भार गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ मा छलफल गर्दा यस कुमाख गाउँपालिका अन्तर्गतकाबाट गत आ.व. पालिकाबाट वनाइएको IEE प्रतिवेदनमा दुई बर्षको बैधानिकता भएको हुदाँ उक्त IEE रिपोट लाई आधार मानि नदिजन्य पदार्थ/बालुवा गिट्टी ढुङ्गाको ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ मा छलफल गर्दा यस कुमाख गाउँपालिका यस गाउँपालिकाको आ.व.२०८०/०८१मा विनियोजन भएका सम्पुर्ण रु.२५,००,०००/- (अक्षरेपि पच्चीस लाख रुपैंया मात्र) देखि ठुला आयोजनाहरु अनिवार्य ठेक्का मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ मा छलफल गर्दा यस कुमाख गाउँपालिका रोजगार सेवा केन्द्र अन्तर्गत आर्थिक बर्ष २०८०/०८१ को यस गाउँपालिका EMIS मा सुचीकृत बेरोजगार संख्या २६५० लाई यस कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ मा छलफल गर्दा यस कुमाख गाउँपालिका आ व २०८०८१मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित र युवा रोजगारका लागि रुपान्तरण पहलमा आधारित कार्यक्रम पालिकाबाट वडागत योजनाहरु छनौट गरी वडा तथा स्थानीय निर्देशक समितिबाट सिफारिस भई आएका आयोजनाहरु अनुमोदन गर्ने तथा नेपाल सरकारबाट बिनियोजित बजेट र पालिकाबाट साझेदारी बजेट तपसिल अनुसार बिनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

क) कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु

क्र.सं.	योजनाको नाम	वडा नं	विनियोजित रकम	साझेदारी	कैफियत
१	बुरेलीखोला देखि बागर सम्म सडक मर्मत	वडा नं. १	रु.४,५४,०००/-	रु.४,००,०००/-	
२	काप्रा देखि साउनखेत सम्म गोरेटो बाटो निर्माण	वडा नं. २	रु.४,५४,०००/-	रु.२,००,०००/-	

३	तिमिले देखि लामिडाँडा हुँदै गुरुदासे सडक निर्माण	वडा नं. ३	रु.४,५४,०००/-	रु.२,००,०००/-	
४	वडा कार्यालय देखि जनजागृत आ बि थदरा सम्म सडक मर्मत योजना	वडा नं. ४	रु.४,५४,०००/-	रु.२,००,०००/-	
५	मुलपानी देखि डाँडा सम्म गोरेटो बाटो निर्माण	वडा नं. ५	रु.४,५४,०००/-	रु.२,००,०००/-	
६	त्रिवेणी जयपोखरी भुपाल्ला गोरेटो बाटो निर्माण	वडा नं. ६	रु.४,५४,०००/-	रु.२,००,०००/-	
७	कल्ले मसान घाट देखि डुम्कोट खानेपानी टंकी सम्म गोरेटो बाटो निर्माण	वडा नं. ७	रु.४,५४,०००/-	रु.२,००,०००/-	
जम्मा रकम रु.			३१७८०००।	१६००००००।	

ख) युवा रोजगारीका लागि रुपान्तरण पहलमा आधारित आयोजनाहरु

क्र.स	योजनाको नाम	आयोजना स्थल	नेपाल सरकार विनियोजित बजेट	पालिका साझेदारी रकम	कैफियत
१	नन्थाला देखि पल्लो थाला सम्म गोरेटो बाटो निर्माण	कुमाख गा.पा. १	३३४०००।	०	
२	लयाटा देखि डाँडाकटेरी सम्म सडक मर्मत योजना	कुमाख गा.पा. २	४००८००।	२००००००।	
३	ईच्छुखोला देखि डाँडाटाकुरी सम्म सडक मर्मत	कुमाख गा.पा. ३	४००८००।	२००००००।	
४	आर्दश आ.बि. बस्नेतज्युला जाने गोरेटो बाटो निर्माण योजना	कुमाख गा.पा. ४	४००८००।	२००००००।	
५	झ्यामबारी देखि कौछे गोरेटो बाटो निर्माण	कुमाख गा.पा. ५	३३४०००।	२००००००।	
६	दमाईगाउँ सेरा च्याउखोला कृषि सडक मर्मत सुधार	कुमाख गा.पा. ६	४००८००।	२००००००।	
७	पुराना गाउँ हुदै वलीका टाकुरा तिमिले घोरावाने सम्म गोरेटो बाटो निर्माण	कुमाख गा.पा. ७	४००८००।	२००००००।	
जम्मा रकम रु.			२६७२०००।	१२००००००।	

निर्णय नं. ६ : प्रस्ताव नं. ६ मा छलफल गर्दा यस कुमाख गाउँपालिका अन्तर्गत पारिस्थितिक प्रणालीमा आधारित EBA II अन्तर्गतका कार्यक्रम वडा नं २ बाट छनौट भई सिफारिस भएका तपसिलका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१) चरिचरण क्षेत्र व्यवस्थापन तथा विस्तार रु. २०,००००००

क) रुमालगाउँ सामुदायिक वन राजा नाउला क्षेत्र चरिचरण क्षेत्र व्यवस्थापन तथा विस्तार रु. ५,००००००।

ख) जलुकेनि सामुदायिक वन रक्षकोट क्षेत्र चरिचरण क्षेत्र व्यवस्थापन तथा विस्तार रु. ५,००००००।

ग) सिमडाडा सामुदायिक वन रोपाखेत क्षेत्र चरिचरण क्षेत्र व्यवस्थापन तथा विस्तार रु. ५,००००००।

घ) महादेव सामुदायिक वन बराखोला क्षेत्र चरिचरण क्षेत्र व्यवस्थापन तथा विस्तार रु. ५,००,०००।

२) गहरा सुधार विकास कार्यक्रम रु.१८,००,०००/-

(क) भुरा जिउला माजा जिउला गहरा सुधार विकास कार्यक्रम रु.३,००,०००।

(ख) डाडाकटेरी गहरा सुधार विकास कार्यक्रम रु.३,००,०००।

(ग) कैनकाडा हारेपाखा, सल्लाकाटे, आजिधान गहरा सुधार विकास कार्यक्रम रु.३,००,०००।

(घ) मरले पाखा गहरा सुधार विकास कार्यक्रम रु.३,००,०००।

(ङ) गातेन खोला गहरा सुधार विकास कार्यक्रम रु.३,००,०००।

(च) खारखोला गैरापाखा गहरा सुधार विकास कार्यक्रम रु.३,००,०००।

३) फिल्टरिङ ड्याम निर्माण कार्यक्रम रु.५,००,०००।

(क) राईरेखोला, नाउला खोला फिल्टरिङ ड्याम निर्माण कार्यक्रम रु १,६७,०००।

(ख) कोलहाले खोला फिल्टरिङ ड्याम निर्माण कार्यक्रम रु १,६७,०००।

(ग) काप्रा खोर्या फिल्टरिङ ड्याम निर्माण कार्यक्रम रु १,६६,०००।

४) सात टोल चौध पोखरी निर्माण कार्यक्रम रु ६,००००० ।

(क) डाडाकटेरी क्षेत्र पोखरी निर्माण कार्यक्रम रु ८५,०००।

(ख) रुमालगाउँ क्षेत्र पोखरी निर्माण कार्यक्रम रु ८५,०००।

(ग) नारायण टाकुरा क्षेत्र पोखरी निर्माण कार्यक्रम रु ८६,०००।

(घ) कैनकाडा क्षेत्र पोखरी निर्माण कार्यक्रम रु ८६,०००।

(ङ) खारखोला क्षेत्र पोखरी निर्माण कार्यक्रम रु ८६,०००।

(च) कारुले क्षेत्र पोखरी निर्माण कार्यक्रम रु ८६,०००।

(छ) नेटावजार क्षेत्र पोखरी निर्माण कार्यक्रम रु ८६,०००।

५) आयआर्जनमुलक कार्यक्रम रु २२००००० |

(क) नेटाबजार टिमुर प्रशोधन केन्द्र व्यवस्थापन रु ६,००००० ।

(ख) बेसार प्रशोधन केन्द्र स्थापना रु ८,००००० ।

(ग) बेसार पकेट क्षेत्र बेसार बिउ वितरण रु ६,००००० ।

(घ) टिमुर संकलन प्रसोध तथा बजारिकरण तालिम रु २००००० ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ मा छलफल गर्दा कुमाख गाउँपालिका र मार्ग देवि निर्माण सेवा प्रा लि काडमाडौं सँग सम्झौता भएको ठेक्का नम्बर KRM/NCB/W-12-2075/076 पालिका स्थरीय अस्पताल भवनको म्याद २०८० असार मसान्त सम्म मात्र ठेक्का म्याद भएको र यस आ.ब. मा निर्माण कार्य भैरहेको हुदाँ २०८० साउन देखि पुस मसान्त सम्म ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ मा छलफल गर्दा यस कुमाख गाउँपालिका अन्तर्गत वडा नं ६ निवासी बालिका बुढाथोकी रानाको प्रसुती हुँदा एम्बुलेन्स आकस्मिक प्रेषणले गर्दा भाडा रकम रु.६,०००।गत आ.ब. मा चेक भुक्तानी भएको तर विविध कारण वस चेक नसाटिएको कारण भुक्तानी हुन नसकेकोले यस आ.व. मा उक्त रकम उपयुक्त शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

आजको बैठक सौहार्दपुर्ण वातावरणमा सुसम्पन्न भयो ।